## नागोया शहर क्षेत्रीय जापानी भाषा शिक्षा प्रवर्द्धन सम्बन्धी दृष्टिकोण 2025-2029 सारांश संस्करण


### परिचय

नागोया शहरले विभिन्न राष्ट्रियता, जातीयता, आदिका मानिसहरू सबै खुसीसाथ सँगै बस्न सक्ने "बहुसांस्कृतिक शहर" बन्ने लक्ष्य राखेको छ। त्यस उद्देश्यका लागि, जापानी भाषा अध्ययन गर्ने वातावरण सुधार गर्न केही विचार र दृष्टिकोणहरू संकलन गरेका छौँ।


### अध्याय 1 क्षेत्रीय जापानी भाषा शिक्षाको वर्तमान स्थिति र मुद्दाहरू

1 विदेशी बासिन्दाहरूको स्थिति ("विदेशी बासिन्दाहरूको बारेको तथ्याङ्क" (सन् 2023 को अन्त्यसम्म) बाट लिइएको)

नागोया शहरमा धेरै देश र क्षेत्र बाट आएका धेरै विदेशीहरू बस्दछन्। विदेशी बासिन्दाहरूको संख्या वर्षै पिच्छे बढ्दै गइरहेको छ र सन् 2023 को अन्त्यमा अहिले सम्मकै उच्च संख्यामा पुगेको छ। भविष्यमा यो संख्या अझै बढ्दै जाने अपेक्षा गरिएको छ।





विदेशी बासिन्दाहरूको संख्यामा आएको उतार चढाव




देश तथा क्षेत्रको स्थिति


2 विदेशी बासिन्दाहरू माझ जापानी भाषा अध्ययनको वर्तमान स्थिति ("जापानी भाषा अध्ययन सम्बन्धी सर्वेक्षण"बाट)

अघिल्लो सर्वेक्षणको तुलनामा अझ धेरै मानिसहरूले "हाल अध्ययन गरिरहेको" भनेर जवाफ दिए।




जापानी भाषा अध्ययन अनुभव

जापानी भाषा क्षमताको सन्दर्भमा, माथिबाट 3 तह सम्मका मानिसहरूको प्रतिशतमा उल्लेखनीय परिवर्तन भएन।
(तलको ग्राफ "सुनेर बुझ्ने क्षमता" को लागि हो, तर "बोल्न सक्ने क्षमता", "पढ्न सक्ने क्षमता" र "लेख्न सक्ने क्षमता" को लागि पनि परिणामहरू समान छन्।)




जापानी भाषा क्षमता (सुनेर बुझ्ने क्षमता)

## अध्याय 2 आधारभूत नीति

जापानी भाषा अध्ययन गर्न चाहने मानिसहरूले अध्ययन गर्न सम्भव हुँदै गइरहेको भए तापनि, हामीले लक्ष्य राखेको अवस्थामा अझै पुगेका छैनौं। त्यसकारण, नागोया शहरले भविष्य निम्न तरिकाले जापानी भाषा अध्ययन गर्ने वातावरण सुधार गर्ने काम अगाडि बढाउँदै जानेछ।

### 1 क्षेत्रीय जापानी भाषा शिक्षाद्वारा लक्षित यस क्षेत्रको स्वरूप

**जापानी समाज भित्र विदेशी नागरिकहरू र जापानी नागरिकहरू जापानी भाषामा कुराकानी गर्न सक्षम भई, नागोयाका विभिन्न क्षेत्रहरूमा सहअस्तित्व सहितको समाज (विभिन्न संस्कृतिका मानिसहरू सँगै बस्ने समाज) सिर्जना हुने।**

・विदेशी बासिन्दाहरू स्थानीय समुदायमा आफ्नै बलबुतामा जीवनयापन गरिरहने।
・विदेशी बासिन्दाहरू स्थानीय समुदायमा सक्रिय रहि समाजमा सहभागी हुने।
・ विदेशी बासिन्दा र जापानी नागरिकहरू एकार्कासँग बारम्बार कुराकानी गरि एकअर्का लाई राम्रोसँग बुझ्न र समाजमा सँगै बस्न सक्ने।
・बासिन्दाहरूले जापानी भाषा सिक्नेछन् भने जापानीहरूले पनि उनीहरूसँग "सरल जापानी भाषा" (विदेशी बासिन्दाहरूले बुझ्न सक्ने जापानी भाषा) मा कुरा गर्नेछन्।

### 2 क्षेत्रीय जापानी भाषा शिक्षाले महत्त्व दिने सोच

**जापानी भाषा सिक्न चाहने विदेशी बासिन्दाहरूलाई "दैनिक जीवनयापनको लागि आवश्यक जापानी भाषा" सिक्ने अवसर प्रदान गर्ने।**

*"दैनिक जीवनयापनको लागि आवश्यक जापानी भाषा" सिक्दै गर्दा तपाईंले दैनिक जीवनयापनको लागि आवश्यक जापानी समाजका अन्य कुराहरूको बारेमा पनि सिक्न सकिनेछ।

### 3 नागोया शहरले विदेशी बासिन्दाहरूले प्राप्त गरुन् भन्ने चाहेको जापानी भाषाको स्तर

**आफ्नो वरपरका मानिसहरूले मद्दत गरिदिएमा, जापानी भाषामै वरपरको समाजमा सहभागी हुन सक्ने स्तर**
**(आफ्नो वरपरका मानिसहरूले गरिदिने मद्दत: "सरल जापानी भाषा" प्रयोग गर्ने र बिस्तारै बोल्ने आदि)**

・सरल जापानी भाषामा कुरा गरिएमा प्रश्नहरू सोध्न र भनिरहेको कुरा बुझ्न सक्ने।
・शब्दहरू प्रयोग गरेर सरल प्रश्नहरूको जवाफ दिन सक्ने। बुझ्न नसकेको बेलामा फेरी दोहोर्याउन वा अझ बिस्तारै बोल्न अनुरोध गर्न सक्ने। ठाउँ आदिको बारेमा साधारण प्रश्नहरू सोध्न सक्ने।
・विदेशीहरूले बुझ्न सक्ने तरिकाले लेखिएको भएमा, आफ्नो दैनिक जीवनमा धेरै देखिने शब्द र वाक्यहरूको अर्थ बुझ्ने।
・जापानी वर्णमाला वा शब्दकोश हेरेर र आफ्नो वरपरका मानिसहरूको सहयोगमा चिठीहरू जस्ता छोटो वाक्य लेख्न सक्ने।

### 4 क्षेत्रीय जापानी भाषा शिक्षा विशेष गरी आवश्यक पर्ने विदेशी नागरिकहरू

**जापानमा रहेका विदेशी बासिन्दाहरू जसले प्राप्त गरुन् भन्ने चाहेको जापानी भाषाको स्तर पुगेको छैन**

▼जापानी भाषा सिक्न चाहने व्यक्तिहरू ⇒ जापानी भाषा सिक्ने अवसर पाउन सक्ने
▼जापानी भाषा सिक्न नचाहने मानिसहरू ⇒ जापानी भाषा सिक्नु महत्त्वपूर्ण छ भनेर बुझ्ने

## अध्याय 3 आधारभूत उपायहरू

विभिन्न व्यक्ति र संस्थाहरूसँग सहकार्य गरेर जापानी भाषा सिक्ने ठाउँहरूको संख्या बढाउने र जापानी भाषा पढाउन सक्ने मानिसहरू तयार गर्दैछौं।

अनि, धेरैभन्दा धेरै मानिसहरूले जापानी भाषा सिक्न सकुन् भनेर, जापानीम भाषा अध्ययन बारे जानकारी पनि प्रदान गर्नेछौं।

1 हामी जापानी भाषा अध्ययन गर्ने ठाउँ र अवसरहरू सिर्जना गर्दै जानेछौं।

उदाहरणका लागि... जापानी भाषा कक्षाहरूका समस्याहरू समाधान गर्न मद्दत गर्ने
अध्ययन गर्ने विद्यार्थीहरूको आवश्यकता पूरा गर्ने नयाँ कक्षाकोठाहरू निर्माण गर्ने आदि।

2 क्षेत्रीय जापानी भाषा शिक्षामा संलग्न व्यक्तिहरूको संख्या बढाउने र तयार गर्नेछौं।

उदाहरणका लागि... जापानी भाषा सिकाउने व्यक्तिहरूको संख्या बढाउने
जापानी भाषा सिकाउने व्यक्तिहरूलाई लामो समयसम्म आफ्नो गतिविधिहरू जारी राख्न मद्दत गर्ने।

3 क्षेत्रीय जापानी भाषा शिक्षाको बारेमा जानकारी सङ्कलन र वितरण गर्नेछौं।

उदाहरणका लागि.....जापानी भाषा कक्षाहरूको बारेमा जानकारी सङ्कलन गर्ने।
इन्टरनेटमा जापानी भाषा कक्षाहरू खोज्न सकिने बनाउने, आदि

4 विदेशी बासिन्दाहरूलाई जापानी भाषा अध्ययनको महत्त्व बुझाउने छौँ

उदाहरणका लागि....दैनिक जीवनयापनमा जापानी भाषा प्रयोग गर्न सक्षम हुनुको महत्त्व बताउने
मानिसहरूलाई जापानी भाषा अध्ययन गर्न चाहने बनाउने कार्यक्रमहरूको बारेमा सोच्ने, आदि।

5 जापानी नागरिकहरूलाई विदेशी बासिन्दाहरूको जापानी भाषा अध्ययनको बारेमा बुझाउने छौं।

उदाहरणका लागि....जापानी नागरिकहरूलाई विदेशी नागरिकहरूको स्थितिबारे जानकारी गराउने
सरकारी कार्यालयहरू आदिमा प्रक्रियाहरू पूरा गर्दा "सरल जापानी भाषा" प्रयोग गर्न सम्भव बनाउने।

6 जापानी भाषा अध्ययन वातावरण सुधार गर्ने संरचना सिर्जना गर्नेछौँ

उदाहरणका लागि.....विदेशीहरू र जापानी भाषा अध्ययन गर्ने बारे जानकार व्यक्तिहरूको विचार सुन्ने ठाउँ सिर्जना गर्ने
सरकारी कार्यालयहरू सबैमा जापानी भाषा अध्ययन गर्ने वातावरणमा सुधार गर्ने, आदि।

## अध्याय 4 प्रवर्द्धनको बारेमा

### 1 प्रवर्द्धन संरचना

निम्न व्यक्ति र संस्थाहरूसँग काम सहकार्य गर्दै जापानी भाषा अध्ययन गर्ने वातावरण सुधार गर्दै जाने छौँ।

1. केन्द्रीय सरकार, आइची प्रिफेक्चर, नागोया शहरको कार्यालय, आदि।
2. नागोया अन्तर्राष्ट्रिय केन्द्र
3. जापानी भाषा कक्षाहरू सञ्चालन गरिरहेका संस्थाहरू
4. बहुसांस्कृतिक समाज प्रवर्द्धन गर्ने र विदेशीहरूलाई सहयोग गर्ने संस्थाहरू
5. जापानी भाषा स्कूल र स्कूलहरूमा जापानी भाषा सिकाउने व्यक्तिहरू तयार गर्न तालिम दिने संस्थाहरू
6. कम्पनी र विश्वविद्यालयहरू
7. टोल छिमेक संस्थाहरू र निवासीको संस्थाहरू
8. जापानी भाषा शिक्षामा रुचि राख्ने व्यक्ति, संस्थान, विदेशी बासिन्दा आदि

### 2 परिणामहरूको मापन

हामी नागोया शहर भरि निम्न प्रतिशत तथ्याङ्कहरू सुधार गर्ने लक्ष्य राखेका छौँ।

| विषयवस्तु | आर्थिक वर्ष 2024 |
|---|---|
| विदेशी बासिन्दाहरूको जापानी भाषा क्षमता (सुनेर बुझ्ने)<br>“अर्को व्यक्तिले बिस्तारै बोलेको कुरा सुनेर बुझ्न सक्ने” मानिसहरूको प्रतिशत | 81.5% |
| विदेशी बासिन्दाहरूको जापानी भाषा क्षमता (बोल्ने)<br>"साधारण दैनिक परिस्थितिहरूमा कुराकानी गर्न सक्ने" वा सोभन्दा माथिका मानिसहरूको प्रतिशत | 74.9% |
| विदेशी बासिन्दाहरूको जापानी भाषा क्षमता (पढ्ने)<br>"विज्ञापन, पम्प्लेट, स्टेशनको समय तालिका र गाइडहरू हेरेर आफूले चाहेको जानकारी पत्ता लगाउन सक्ने" मानिसहरूको प्रतिशत | 65.7% |
| विदेशी बासिन्दाहरूको जापानी भाषा क्षमता (लेख्ने)<br>“कार्यस्थलका सहकर्मी, परिवार, आदिलाई जानकारी पुऱ्याउन सरल मेमो लेख्न सक्ने” वा सोभन्दा बढी भएको व्यक्तिहरूको प्रतिशत | 65.9% |
| सिक्न चाहेर हाल अध्ययन गर्न सफल भएका विदेशी बासिन्दाहरूको प्रतिशत | 40.7% |

नागोया शहर क्षेत्रीय जापानी भाषा शिक्षा प्रवर्द्धन सम्बन्धी दृष्टिकोण 2025-2029 सन् (सन् 2025 फेब्रुअरी महिना)
नागोया शहर पर्यटन तथा सांस्कृतिक आदानप्रदान ब्यूरो अन्तर्राष्ट्रिय आदानप्रदान विभाग
सार्वजनिक हित संस्थान नागोया अन्तर्राष्ट्रिय केन्द्र,कार्यक्रम विभाग
टेलिफोन: 052-972-3061
इमेल: a3061@kankobunkakoryu.city.nagoya.lg.jp